# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, पुस १ गते २०४४ साल ( अतिरिक्ताङ्क ४३

## भाग १

# शाही सम्बोधन

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट २०४४ साल पुस १ गते श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसको शुभ-उपलक्ष्यमा आयोजित समारोहमा बक्सेको सम्बोधन ।

उपस्थित महिला तथा सज्जनवृन्द,

१. सदा झैं आज पनि श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसको शुभ-उपलक्ष्यमा आयोजित यस समारोहलाई सम्बोधन गर्न पाउँदा हामीलाई खुशी लागेको छ । यस अवसरमा सर्वप्रथम हामी पञ्चायत व्यवस्थाका प्रवर्तक हाम्रा स्वर्गीय पूज्य बुबाज्यू श्री ५ महेन्द्रप्रति श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

२. यतिखेर पञ्चायत व्यवस्थाले हाम्रो मुलुकमा जे जति उपलब्धिहरू हासिल गर्न सकेको छ तिनलाई केलाएर हेर्नु स्वाभाविक हुनेछ । यस्तो लेखाजोखा गर्दा पञ्चायत व्यवस्थाको प्रादुर्भाव नै नभएको भए नेपाल र नेपालीको स्थिति के कस्तो हुने थियो भन्नेतर्फ पनि चिन्तन गर्नु राम्रै हुनेछ जस्तो हामीलाई लाग्छ । खास गरी यस अवधिबीच आफ्नै समस्याको भुमरीमा रुमल्लिंदै एक्लिएर बसेका तेस्रो विश्वको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

E26

अति अल्पविकसित हामीजस्ता स-साना मुलुकहरूले के कस्तो अवस्थाबाट गुज्रनु पर्‍यो भन्नेतर्फ नियाली हेर्दा हामीले यी कुराहरू स्वीकार्नै पर्छ – पञ्चायत व्यवस्थाको माध्यमबाट नेपालले आफ्नो स्वाधीनतालाई निर्बाधरूपमा कायम गर्न सक्षम भएको छ, आफ्नो राष्ट्रिय अखण्डता जोगाउन सकेको छ, अनि आफ्नो अस्तित्वलाई एक शान्तिक्षेत्रको रूपमा अन्तर्राष्ट्रिय जगत्मा प्रस्तुत गर्न पनि समर्थ भएको छ। यही कुराको उदाहरणस्वरूप सम्पूर्ण देशवासीको सहयोगले दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनमा सक्रिय भूमिका खेल्न पनि हामी सक्षम भयौं।

३. यसरी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय जगत्मा शान्ति, मैत्री तथा असंलग्नताको नीतिलाई अनुसरण गरेर हामीले जसरी सक्दो योगदान गर्दै आएका छौं त्यसैगरी यस व्यवस्थाको माध्यमबाट सम्पूर्ण नेपालीलाई मुलुकको आर्थिक विकासमा निरन्तररूपमा सहभागी बनाई राष्ट्रियताको भावनालाई सुदृढ पार्दै लान सक्नु परेको छ। यही नै आज हाम्रो सामु देखा परेको चुनौती हो। देशको अर्थतन्त्र बिग्रयो भने म बिग्रन्छु, देशको अर्थतन्त्र सप्रयो भने म सप्रन्छु भन्ने प्रत्येक नेपालीले बुझ्नु पर्ने कुरामा पञ्चायत व्यवस्थाले जोड दिंदै आएको छ। त्यसै अनुरूप यस व्यवस्थाअन्तर्गत प्रत्येक नेपालीलाई बालिग मताधिकारको आधारमा आफ्नो लागि आफ्नै पञ्चायत र आफ्नै सरकार छान्ने समान अवसर र जिम्मेवारी प्राप्त भएको हो।

४. जसरी हामीले बालिग मताधिकारको माध्यमबाट यस व्यवस्थामा सम्पूर्ण नेपालीको राजनीतिक सहभागिता कायम गर्न सकेका छौं त्यसरी नै आर्थिक विकासका ठोस कार्यक्रमहरूद्वारा यस व्यवस्थामा प्रत्येक नेपालीको स्वार्थ पनि निहित रहेको कुरालाई प्रमाणित गर्न सक्नु परेको छ। यसबाट कोही नेपाली काखा र कोही नेपाली पाखा नभई नेपालीमात्र सबै एकजुट भई नेपालको समुन्नतिको बाटोमा समानरूपले सहभागी हुन सक्नेछन्। वास्तवमा, प्रत्येक देशवासीको सुखसमृद्धि नै अन्ततोगत्वा हाम्रो शान्ति, स्थायित्व तथा आन्तरिक शक्तिका साथै वाह्य सम्मानको भरपर्दो आधार हुनेछ।

५. यिनै वास्तविकतालाई हृदयङ्गम गरी हामीले संवत् २०५७ सम्ममा नेपाली जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्ने कुरालाई हाम्रो राष्ट्रिय विकासको केन्द्रबिन्दु बनाउनु पर्ने कुरामा जोड दिएका हौं। हाम्रो यो आकाँक्षा प्रत्येक नेपाली-लाई मानवोचित मर्यादा प्रदान गर्ने उद्देश्यबाट मात्र प्रेरित नभई सामाजिक न्यायको दृष्टिले पनि अपरिहार्य रहेको हामी अनुभव गर्दछौं। त्यसैले प्रत्येक गाउँ, नगर र जिल्ला पञ्चायत तथा केन्द्रमा श्री ५ को सरकार लगायत सबै सम्बन्धित निकायले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

योजना बनाई प्रत्येक वर्षका लागि कार्यक्रम तर्जुमा तथा साधनको विनियोजन गर्दा के कति लक्ष्य हासिल गर्ने हो निश्चितरूपले किटान गर्ने परिपाटी बसाल्नु परेको छ। साथै कार्यान्वयनसँग सम्बन्धित निकायहरूको स्पष्टरूपले जिम्मेवारी किटान गरी प्रभावकारी संगठनात्मक सुधारहरू गर्न पनि हामी पछि पर्नु हुँदैन।

६. नेपालीमात्रका लागि आधारभूत आवश्यकता पूरा गर्ने अठोट निश्चय पनि कठिन र गहनतम छ। तर प्रत्येक नेपालीको सक्रिय, लगनशील सेवा र सहयोग निरन्तर एवं प्रभावकारी रूपमा प्राप्त हुन सकेमा यो लक्ष्य अवश्य पनि पूरा गर्न सकिनेछ। त्यसैले आजको दिनले प्रत्येक नेपालीलाई आ-आफ्नो स्थानबाट राष्ट्र-उत्थानको यस महान् कार्यमा संलग्न भई योगदान पुऱ्याउन प्रेरणा प्रदान गरोस्– यही नै हाम्रो हार्दिक कामना छ। अन्तमा, म यस समारोहका आयोजक तथा उपस्थित सबैलाई धन्यवाद दिन चाहन्छु।

श्री पशुपतिनाथले हामी सबैको कल्यान गरून्!

जय नेपाल!

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

820